# मेचीनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, ईटाभट्टा
झापा जिल्ला, प्रदेश नं. १, नेपाल

# Mechinagar Municipality
Office of the Municipal Executive, Itabhatta
Jhapa District, Province No. 1, Nepal

**मिति २०७७।०३।०१ देखि मेचीनगर नगरपालिका क्षेत्रभित्रका नदीहरुमा नदीजन्य सामग्री उत्खनन तथा संकलन गर्न रोक लगाइएको सम्बन्धी मेचीनगर नगर कार्यपालिकाको कार्यालयको अत्यन्त जरुरी सूचना**

सूचना प्रकाशन मिति : २०७७/०२/३२

प्रस्तुत विषयमा नेपाल सरकारको नीतिअनुसार हरेक वर्षको असार १ गतेदेखि भदौ मसान्तसम्म खोला तथा नदीहरुमा नदीजन्य निर्माण सामग्री उत्खनन र संकलन गर्न रोक्का राख्ने कानुनी व्यवस्था भएको हुँदा यस मेचीनगर नगरपालिका अन्तर्गतका नदीहरुबाट नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री व्यवस्था सम्बन्धमा आवश्यक सहयोगको लागि स्थानीय प्रशासन, इलाका प्रहरी कार्यालय, काँकरभिट्टा, सशस्त्र प्रहरी बल, भन्सार गस्ती गुल्म काँकरभिट्टा, इलाका प्रहरी कार्यालय, धुलाबारी तथा मातहतका चौकी तथा विटहरु र विओपी एवम् स्थानीय ट्राफिक प्रहरीहरु र सबै वडाध्यक्षज्यू, सदस्यज्यूहरु लगायत राजनीतिक दल, सञ्चारकर्मी, नगरिक समाज र स्थानीयबाट देहायानुसार गरी गराई उल्लिखितानुसार नदीजन्य सामग्री उत्खनन र संकलन रोक्ने कार्यमा सहयोग गर्नुहुन नगर कार्यपालिकाको तर्फबाट यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । यस सूचनालाई बेवास्ता गरी कोही कसैले मिति २०७७।०३।०१ देखि यस नगरपालिकाको अर्को निर्णय नभएसम्म नदीजन्य पदार्थ उत्खनन तथा संकलन भए गरिएको पाइएमा जिल्ला समन्वय समिति, झापाबाट स्वीकृत भई कार्यान्वयनमा रहेको नदीजन्य सामग्री उत्खनन अनुगमन कार्यविधि, २०७५ मा रहेको व्यवस्थाअनुसार कार्वाही भइजाने व्यहोरा समेत यसै सूचनामार्फत् जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

१. आ. व. २०७६।०७७ को लागि यस नगरपालिकाको आन्तरिक राजश्व व्यवस्था गर्ने सन्दर्भमा मेचीनगर नगरपालिका क्षेत्रका मेची, निन्दा, टिमाई र हडीया (टिमाईमा उत्खनन गर्ने संझौता रद्ध गरिएको) नदीको यस नगरपालिकाको क्षेत्राधिकारमा पर्ने स्थानमा स्वीकृत IEE प्रतिवेदन अनुसारको परिमाणसम्म नदीजन्य निर्माण सामग्री उत्खनन, संकलन र विक्री व्यवस्थापन गर्न सार्वजनिक बोलपत्र आह्वानमार्फत् ठेक्का स्वीकृत भई ठेक्का संझौता भएको विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी सुनसरीसँग २०७६ साल मङ्सिर २८ गतेका दिनदेखि लागू भई २०७७ साल जेठ १५ सम्म ठेक्का अवधि कायम गरी ठेक्का कार्यान्वयन भइरहेकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ रोगको रोकथाम र नियन्त्रण गर्न नेपाल सरकारबाट मिति २०७६।१२।११ गतेदेखि बन्दाबन्दी (Lock Down) घोषणापश्चात् ठेक्काअनुसार नदीजन्य पदार्थ उत्खनन लगायतको कार्य स्थगित रहेकोमा मिति २०७७।०१।२९ (नेपाल सरकारको मिति २०७७।०१।२४ को निर्णयबाट खुल्ला भएकोले) देखि पुन: ठेक्का संझौता सुचारु भएकोमा यस नगरपालिका, नगर कार्यपालिकाको निर्णयअनुसार पुन: साविक ठेक्काको म्याद सकिएको मिति २०७७।०२।१५ देखि तत्काल लागू हुने गरी मिति २०७७।०२।३२ सम्म ठेक्काको म्याद थप गरिएकोमा सो समय समेत पूरा भइसकेको हुँदा यस मेचीनगर नगरपालिकाभित्रका उल्लिखित नदीहरुबाट ठेकेदार लगायत कहीं, कोही, कसैले पनि मिति २०७७ असार १ गतेदेखि यस नगरपालिकाको निर्णय वा व्यवस्थापनमा बाहेक नदीजन्य निर्माण सामग्री उत्खनन र संकलनमा पूर्णरुपमा रोक लगाइएको हुँदा उत्खनन र संकलन नगर्नु नगराउनुहुन सरोकारवाला सबैलाई जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

२. ठे. विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरी, सुनसरीले उल्लिखित ठेक्काअनुसार ठेक्का अवधिमा उत्खनन् तथा संकलन गरेको नदीजन्य निर्माण सामग्री विक्री तथा ओसारपोसार गर्न ठेक्का संझौता तथा नगरपालिकाको विभिन्न मितिमा भएको निर्णयअनुसार यस कार्यालयमा तिर्नु बुझाउनुपर्ने दोश्रो र तेश्रो किस्तावापतको बक्यौता रहेको ठेक्का रकम दाखिला गरेर स्टक प्रमाणित गराई नदीजन्य पदार्थ विक्री वितरण तथा ओसार पसार गर्नुहुन साविक ठे. विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीलाई समेत यसै सूचनामार्फत् अनुरोध गरिएको छ ।

मेचीनगर नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, झापा